नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: ~~476K+J6~~
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/८१
चलानी नं :-

# वन डढेलो नियन्त्रण गर्न जरुरी अनुरोध

हाल मुलुकका विभिन्न स्थानमा वन डढेलो र आगोलागीका घटनाहरू भएका कारण वन तथा वन्यजन्तुको विनास, वायु प्रदुषण तथा बढी ठूलो धनजनको क्षति भई रहेको व्यहोरा विदितै छ।

यस जिल्लामा पनि गत केहि महिना देखि नै वन डढेलोका घटनाहरू बढ्दै गएका छन्। भौगोलिक विकट्ताका कारण केहि स्थान वाहेक धेरै स्थानहरूको डढेलो नियन्त्रण गर्न नसकिने किसिमको छ। जसका कारण जनस्वास्थ्य र वातावरणमा समेत गम्भीर समस्या देखिने हुन्छ। वनजंगल जोगाउनु हामी सबैको कर्तव्य र जिम्मेवारी हो। विभिन्न वहानामा वन डढेलो लगाउनु कानूनी रुपमा दण्डनीय अपराध हो। यस्ता कुकार्य गर्नेहरूको खोजी भै रहेको छ। यदि तपाईले वनडढेलो वा आगजनी जस्तो अपराध गर्नेको सूचना पाउनु भएमा नजिकैको सुरक्षा निकाय वा नं. १०० मा फोन गरी जानकारी दिनुहुन अनुरोध छ। सूचना दिने व्यक्तिको पहिचान गोप्य रहने छ र उपयुक्त समयमा उचित समान गरिनेछ। साथै, यस कार्यमा सहयोग पुऱ्याउनु हुन सबै सरकारी निकायहरू, राजनीति दल, गैरसरकारी संस्था तथा निजी क्षेत्र, सञ्चार जगत, वन उपभोक्ता समितिहरू लगायत आम जनसमुदायमा जिल्ला विपद् व्यवस्थापन समिति हार्दिक अनुरोध गर्दछ।

धन्यवाद।

मितिः २०८१।०१।२१ गते,
नेपाल सम्वत ११४४ चौलागा, १० शुक्रबार।

२०८१।१।२१

(वेदनिधि खनाल)
प्रमुख जिल्ला अधिकारी
एवम् अध्यक्ष
जिल्ला विपद् विपद् व्यवस्थापन समिति,
रसुवा